
प्राज्ञिक उन्नयनको
अभियानमा
समर्पित

BAP
भृकुटी एकेडेमिक पब्लिकेशन्स



कलाकार जस्मिन राजभण्डारी कला सिर्जनामा सक्रिय युवा कलाकार हुन् । २०३६ सालमा जन्मिएकी उनले कलाकै अध्ययनमा उच्च शिक्षा हासिल गरेकी छन् । उनले त्रिभुवन विश्वविद्यालयको ललितकला क्याम्पसबाट स्नातक गरेकी हुन् भने भारतको बनारस हिन्दू विश्वविद्यालयबाट फाइनआर्टमा स्नातकोत्तर गरेकी छन् । आफ्ना कलाबाट विभिन्न पुरस्कार र सम्मान पाउन सफल कलाकार राजभण्डारी त्रिभुवन विश्वविद्यालय, ललितकला क्याम्पसकी उपप्राध्यापक हुन् । कला सिर्जनामा उनको सिर्जनात्मक विशेषता 'फ्लेक्जिबिलिटी' हो । जीवनमा अनुभव गरेको विषयलाई मूर्तिको आकृतिमा परिवर्तन गर्ने र फ्युजन गरेर प्रस्तुत गर्ने सन्दर्भमा कलाकार जस्मिना राजभण्डारीले पृथक परिचय स्थापित गरेकी छन् ।

स्वतन्त्रता र मुक्ति हरेक मानिसको चाहना हो । यस कलामा कलाकारले मुक्ति र स्वतन्त्रतासम्बन्धी मानिसको त्यही चाहनालाई बिम्बात्मक अर्थमा प्रस्तुत गरेको पाइन्छ । खासगरी कलाले नारीमुक्ति र स्वतन्त्रतालाई साङ्केतिक भावमा अर्थ्याउन खोजेको देखिन्छ । देवताका मूर्तिहरू हराउँछन् भनेर तिनलाई फलामे सिक्रीले बाँधेर राख्ने चलन पनि छ । त्यसमा देवीका मूर्तिहरू पनि पर्छन् । देवीको मूर्तिलाई हराउँछ भनेर सिक्रीले बाँधेर राख्ने कुरो हाम्रो समाजमा व्याप्त नारी बन्धनको विषयसँग सान्दर्भिक बन्न पुगेको छ । प्रस्तुत कलामा उन्मुक्तिको भावलाई त्यस सन्दर्भसँग पनि जोडेर प्रस्तुत गरिएको छ । यसै अर्थमा देवीको मूर्तिको आकृतिमा नारी स्वतन्त्रताको उद्‌घोष गर्ने काम कलाले गरेको छ । यस कला सिर्जनामा कलाकारको सिर्जनात्मक 'फ्लेक्जिबिलिटी' र 'फ्युजन' को विशेषता पाइन्छ ।



अनुसन्धान प्रयोजनका लागि बाहेक प्रकाशकको स्वीकृति नलिई भृकुटीमा प्रकाशित लेख/रचना आंशिक वा पूरा रूपमा पुनरूत्पादन वा फोटोकपी गर्न पाइने छैन। प्रतिलिपि अधिकारसम्बन्धी यस नियमको उल्लङ्घन गर्ने जोसुकैले पनि नेपालको प्रचलित ऐन-कानुनबमोजिम अधिकतम क्षतिपूर्ति तिर्नुपर्नेछ ।


**© सर्वाधिकार**

प्रकाशकमा सुरक्षित



BAP

**भृकुटी एकेडेमिक पब्लिकेशन्स**

bhrikutiacademic@gmail.com

**भृकुटी पुस्तक तथा मसलन्द भण्डार**

टङ्कप्रसाद घुम्ती मार्ग, न्यु प्लाजा, पुतलीसडक

पोस्ट बक्स : ३५०३, काठमाडौं, नेपाल

टेलिफोन : +९७७-१-४५३८८४८/४५२९०५८/४५४५६६०

इमेल : bhrikutipustak@gmail.com

bhrikutijournal@gmail.com

वेबसाइट : www.bhrikutipustak.com.np

ISBN: 978-9937-646-60-4 (Hardback)

978-9937-646-61-1 (Paperback)



जि.प्र.का.द.न.: ४४/०६३/०६४


# भृकुटी

**समालोचनात्मक एवम् अनुसन्धानात्मक**
**साहित्यिक-सांस्कृतिक सङ्ग्रह**


भाग २३, फागुन, २०७७



**प्रमुख सल्लाहकार**
मोदनाथ प्रश्रित

**प्रधानसम्पादक/प्रकाशक**
लिखत पाण्डे

**अतिथि सम्पादक**
अमर गिरी

**कार्यकारी सम्पादक**
शार्दूल भट्टराई

**कला सम्पादक**
राजन काफ्ले
सुन्दर बस्नेत

**बजार व्यवस्थापक**
विनोद पाण्डे

**कानुनी सल्लाहकार**
लक्ष्मीप्रसाद मैनाली

**ले-आउट डिजाइन**
अशोक खनाल



**मुद्रण**
स्प्रिन्टर प्रा.लि., बालाजु, काठमाडौं

*प्रकाशकीय*

# बहसका लागि

विशेषाङ्कहरूको प्रकाशनकै सिलसिलामा यसपटक समालोचनात्मक एवम् अनुसन्धानात्मक साहित्यिक-सांस्कृतिक प्रकाशन भृकुटी अर्को विशेषाङ्कसहित उपस्थित भएको छ । यस अङ्कको विषय रहेको छ - नारीवाद ।

नारीवादी चिन्तनको विस्तार तीव्रतर छ । यसको प्रभाव विश्वको कुनै एउटा देशमा मात्र सीमित छैन, विश्वका हरेक देश यसबाट प्रभावित छन् । नारीवादी चिन्तनका बारेमा विभिन्न कोणबाट बहसहरू चल्दै आएका छन् । यसप्रति अनेक खालका प्रश्न उठाउने कामहरू पनि हुँदै आएका छन् । भृकुटीले यस पटक तिनै प्रश्न र बहसहरूमा सहभागिता जनाउने उद्देश्य राखेको छ ।

नारीवादको आरम्भ पितृसत्ताका विरूद्ध भएको हो । पितृसत्ताको उच्छेदनको ध्येयमा अगाडि बढ्ने क्रममा यसले अनेक आयाम र विविधतामा आफूलाई विकसित गर्ने अवसर पाएको छ । त्यसै क्रममा यस चिन्तनको विकास र विस्तार विश्वव्यापी बन्दै गएको छ ।

नारीवादी चिन्तनको विकाससँगै विश्वका अधिकांश देशमा नारीवादी आन्दोलनको आरम्भ र विकास पनि हुँदै आएको छ । खासमा पितृसत्तात्मक समाजमा नारीमाथि भएका शोषण, उत्पीडन र दमनको प्रतिरोधमा विकसित बनेको चिन्तन हो - नारीवाद । यो चिन्तन नारीको अस्तित्व र स्वतन्त्र पहिचानसँग मात्र जोडिएको छैन, सामाजिक मुक्ति र समानतासँग समेत जोडिएको हुँदा यसलाई एउटा मुक्ति आन्दोलनकै रूपमा लिनुपर्ने विचारहरू पनि व्यक्त हुँदै आएका छन् ।

नारीवादलाई केहीले पूँजीवादी चिन्तनसँग जोडेर हेर्ने गरेका छन् भने केहीले मार्क्सवादी दर्शनसँग । यी दुई धारभित्र पनि अनेकताका अनेक विचारहरू पाइन्छन् । नारीवादको विकासका क्रममा अनेक चरण, मोड र प्रवृत्तिहरू प्रकट भएका छन् । यस चिन्तनको विकास जसरी हुँदै छ त्यसरी नै यस आन्दोलनमा जटिलताहरू पनि खडा भएका छन् ।

नारीको नैसर्गिक विशिष्टताका आधारमा नारीवादको व्याख्या-विश्लेषण गर्ने सिलसिला पनि चल्दै आएको छ । यस सन्दर्भमा नारीवादी चिन्तनमा धारा र उपधाराहरू समेत देखापरेका छन् । नारीवादका धारा-उपधारा र पक्ष-पक्षधरतासँग गाँसिएर विवेचना गर्ने सिलसिलामा समानअधिकारको वकालत गर्ने, वर्गीय मुक्तिसँगै हरप्रकारका शोषण-उत्पीडनबाट नारीमुक्तिको वकालत गर्ने, पितृसत्तामा सुधार होइन आमूल परिवर्तनको वकालत गर्ने, लैङ्गिक आधारमा समाजको पुनःसंरचनाको वकालत गर्ने अनेक अवधारणाहरूको उदय भएको पाइन्छ । सन् १९९० पछि यसबारेमा अझै विविधतायुक्त विश्लेषणहरू हुन थालेका छन् । विभिन्न विचारहरू नारीवादी चिन्तनका उपधाराका रूपमा समेत देखापरेका छन् । ती सबैका आआफ्नै आधार, मान्यता र अडान छन्, जसमा अहिले पनि बहसहरू भइरहेका छन् ।

नारीवादी चिन्तनको आरम्भ पितृसत्ताका विरूद्धमा भएपनि अहिले आएर यससँग अनेक पक्षहरू जोडिएका

छन् । नारीवादको केन्द्रमा नारी नै छन् तथापि यससँग राजनीति, अर्थराजनीति, सामाजिक संरचना, सांस्कृतिक परम्परा, लैङ्गिक मनोविज्ञान, यौनमनोविज्ञान आदिजस्ता धेरै पक्षहरू जोडिएका छन् । यसैकारण अब यो चिन्तनलाई लिङ्गवादी दृष्टिले मात्र हेरिनु उचित हुँदैन भन्ने विचारहरू पनि प्रस्तुत भइरहेका छन् । नारीवादी चिन्तन र आन्दोलनलाई समग्रतामा र व्यापक अर्थमा बुझ्नु आवश्यक छ भन्ने बहस पनि अगाडि बढिरहेकै छ ।

नारीवादी चिन्तनका अर्थमा अनेक प्रवृत्तिहरू देखिएका छन् र ती सबै नारीकेन्द्रित सिद्धान्तका रूपमा रहेका छन् । तापनि त्यसभित्रका केही नारीवादी प्रवृत्ति मनोवैज्ञानिक खालका रहेका चर्चाहरू हुने गरेका छन् । नारीवादी चिन्तनलाई अहम्केन्द्री र हीनत्वभावबाट प्रभावित बनाउने प्रवृत्तिका बारेमा पनि टिप्पणीहरू हुने गरेका छन् । त्यस्ता टिप्पणीहरूमा सचेत हुनु आन्दोलनका लागि हितकर नै हुनसक्छ ।

स्वीकार गर्नै पर्ने एउटा कुरो के हो भने नारी र पुरूषका बीचमा संघर्ष छ, चाहे त्यो अचेतनगत रूपमै किन नहोस् । यो कुरो सामाजिक स्वरूप र संरचनासँग जोडिएको छ । त्यो सामाजिक स्वरूप र संरचना राज्यसत्तासँग जोडिएको छ र राज्यसत्ता राजनीतिक प्रणालीसँग जोडिएको छ । यस विषयलाई नारीवादी आन्दोलनले महत्वका साथ लिनुपर्ने बहस पनि चलिरहेकै छ ।

नारीप्रतिको विभेद कुनै पनि नाममा अमान्य छ । शोषण, उत्पीडनको प्रतिरोध आवश्यक छ । असमानताका विरूद्ध लडाइँ लड्नै पर्छ । नारीका नैसर्गिक आत्मसम्मान र व्यक्तित्वविकासका यावत अवरोधहरूलाई समाप्त गर्नैपर्छ । समाजको परिवर्तनका लागि पनि नारीमाथिको अत्याचारलाई समाप्त गर्नैपर्छ । नारीलाई आफ्नो पृथक व्यक्तित्वका साथ अगाडि बढ्ने परिस्थितिको निर्माण नभएसम्म समाज अग्रगतिमा लाग्न सक्दैन । त्यसका लागि पनि सोही किसिमको नारीवादी आन्दोलन टड्कारो रूपमा अपेक्षित छ । यस विषयमा पनि बहसको आवश्यकता देखिन्छ ।

हाम्रो आन्दोलनमात्र होइन, हाम्रो लेखनमा पनि नारीवादको प्रभाव बढ्दै गएको छ । नेपाली साहित्यमा नारीवादी लेखन र समालोचनाको प्रयोग बढेको छ । त्यससम्बन्धी अध्ययनमा चासो बढेको छ । यसले नेपाली समाजमै पनि नारीवादी चिन्तनको अन्तर्क्रियालाई बढाएको छ । यही सन्दर्भलाई दृष्टिगत गरी यसपटक भृकुटी नारीवादी चिन्तन र आन्दोलनको बहसमा सहभागी भएको छ । यो सहभागिता नारीवादी चिन्तनको बहसमा सार्थक रहने विश्वास हामीले लिएका छौँ ।

भृकुटी आगामी विशेषाङ्कमा पनि गम्भीर चासो र सरोकारको नयाँ विषयलाई लिएर प्रस्तुत हुने नै छ । उक्त विशेषाङ्कका लागि पनि हामी सम्पूर्ण लेखक तथा पाठकहरूको सक्रिय सहयोगको अपेक्षा गर्दछौँ ।

अ

सम्पादकीय

# नारीवादी विमर्श

नारीवाद, नारीवादी आन्दोलन र नारीवादी साहित्य चिन्तनका विषयमा गम्भीर विमर्शहरू हुँदै आएका छन् । आज पनि यो विमर्शको गम्भीर विषयका रूपमा रहेको छ । नारीवादी आन्दोलनको आरम्भको आधार फ्रान्सेली क्रान्तिले निर्माण गरेको थियो । त्यसपछि नै नारीहरू आफ्नो अधिकार प्राप्तिका निम्ति सङ्गठित रूपमा अघि बढ्न आरम्भ गरेका थिए । लैङ्गिक विभेद र उत्पीडनको अन्त्य एवं समान अधिकारको मागसहित नारीवादी आन्दोलन अगाडि बढेको थियो । स्वतन्त्रता, समानता र सामाजिक न्यायका निम्ति चलेका आन्दोलनहरूले नारीवादी आन्दोलनलाई दिशा र ऊर्जा प्रदान गर्ने कार्य गरेका थिए । नारी अधिकारका निम्ति नारीहरूले आरम्भ गरेको आन्दोलनलाई समयक्रममा नारीवादी आन्दोलनका रूपमा उल्लेख गर्न थालियो । यसले अगाडि सारेका विचारहरूलाई नारीवादका रूपमा प्रस्तुत गर्न शुरू गरियो । नारीवादले नारीवादी आन्दोलन र यसका सैद्धान्तिक, वैचारिक आधारलाई बुझाउँछ । नारीवादी आन्दोलन नारीवादले सूत्रबद्ध गरेका विचार हरूका आधारमा चल्दै आएको छ ।

नारीवादमा अनेक विचारहरू छन् । यी विचारहरूमा उदारवाद, मार्क्सवादलगायत विविध सैद्धान्तिक, वैचारिक धाराहरूको प्रभाव परेको छ । फ्रान्सेली क्रान्तिसँगै आरम्भ भएको नारीवादी आन्दोलनले लामो समय व्यतीत गरेको छ । नारीवादी आन्दोलनले अगाडि सारेका कैयौँ मागहरू सम्बोधन भए पनि नारीमाथिको लैङ्गिक विभेद र उत्पीडन आज पनि जीवित छ । पितृसत्तात्मक संरचनाभित्र उनीहरूको स्थिति दोस्रो दर्जाको छ । आज पनि आर्थिक, राजनीतिक, सामाजिक-सांस्कृतिक एवं धार्मिक रूपमा नारीमाथिको उत्पीडन जीवित रहेकाले नारीवादी आन्दोलन पनि जीवित छ ।

प्रारम्भमा उदारवादी चिन्तनबाट डोरिएको नारीवादी आन्दोलनमा मार्क्सवादको जन्म र मजदुर आन्दोलनमा यसको प्रभावसँगसँगै नारीहरू पनि यसबाट प्रभावित रहे । श्रमिक नारीहरू नारी मुक्तिको नारासहित समग्र उत्पीडक संरचनाका विरूद्ध उभिए । उदारवाद र मार्क्सवादबाट प्रभावित नारी आन्दोलनमा समय बित्दै जाँदा अन्य दृष्टिकोणहरू पनि देखिए । तिनै दृष्टिकोणहरूलाई बुझाउन नारीवादी आन्दोलनभित्र विभिन्न धाराहरूको चर्चा गरिएको पाइन्छ । उदारवादी नारीवाद, मार्क्सवादी नारीवाद, समाजवादी नारीवाद, उग्र नारीवाद, उत्तरआधुनिक नारीवाद, उत्तरसंरचनावादी नारीवाद, मनोविश्लेषणात्मक नारीवाद, उत्तरऔपनिवेशिक नारीवाद, पर्यावरणीय नारीवाद, साइबर नारीवाद, ब्ल्याक फेमनिज्म आदि यसका उदाहरण हुन् । सन् १९७० को दशकपछि नारीवादी आन्दोलनमा उत्तरअवधारणाहरूको प्रभाव पर्न शुरू गर्‍यो । नारीवादी विमर्शमा उत्तरआधुनिकतावादी, उत्तरसंरचनावादी, उत्तरऔपनिवेशिक एवं मनोविश्लेषणात्मक दृष्टिकोणहरू महत्वपूर्ण बन्न आरम्भ गरे । नारीहरूको एउटा हिस्सा उत्तरअवधारणाहरूलाई

आत्मसात गरेर अगाडि बढ्यो । लैङ्गिक आन्दोलनभित्र आज समलैङ्गिकताको विषयमात्र होइन जाति, जनजाति, राष्ट्र, पर्यावरण आदि जस्ता विषयहरू पनि महत्वपूर्ण बनेका छन् । नारीवादी आन्दोलनमा स्थानीयता, बहुलता र भिन्नता पनि महत्वपूर्ण विषय बनेर आएका छन् । आन्दोलनमा सारतत्ववादी र प्रतिसारतत्ववादी दुवै विचारहरू क्रियाशील पाइन्छन् । उत्तरअवधारणाहरूका कारण नारीवादी आन्दोलनका नयाँ स्वरूपहरू अगाडि आएका छन् । यी एकीकृतभन्दा बढी विभाजित छन् ।

नारीवादी आन्दोलनकै बीचबाट नारीवादी साहित्य चिन्तन र लेखनको पनि आरम्भ भएको थियो । नारीहरूले साहित्यमा धेरै पहिलेदेखि कलम चलाउँदै आएको पाइन्छ । कतिपयले साहित्यका विषयमा पनि विचार गरेका छन् तर त्यसलाई नारीवादी साहित्यका रूपमा लिइन्न । नारीवादी साहित्य चिन्तन र लेखनको आरम्भ नारीलाई केन्द्रमा राखेर सचेतन रूपमा गरियो । यो कार्य नारीवादी अभियन्ता, चिन्तक र स्रष्टाहरूले गरे । पुरूष लेखनमा नारीलाई कसरी प्रस्तुत गरिएको छ, उसका अभीष्टहरू के के रहेका छन्, सम्पूर्ण साहित्यिक परम्परामा नारीहरूको स्थिति के छ, पुरुष लिखित साहित्य र पितृसत्तात्मक संरचनाका बीचमा के कस्ता सम्बन्धहरू रहेका छन्, साहित्यका परम्परागत मापदण्डहरू कस्ता छन्, नारीलेखन स्वयं पितृसत्तात्मक दृष्टिबाट कति प्रभावित छ, नारी आफ्नो लेखनमा कसरी व्यक्त भएकी छे आदि जस्ता विषयहरूलाई मात्र विमर्शको विषय बनाइएन, नारीलेखनको आफ्नै भाषा, शैली, संरचना, विषयवस्तुका बारेमा पनि गम्भीर छलफलहरू भए । नारीवादी साहित्य चिन्तनमा भाषा, पाठ, मनोविज्ञानलाई महत्व दिइयो । फलतः नारीवादी साहित्य चिन्तनभित्र राजनीतिक नारीवादी समालोचना, गाइनो समालोचना, फ्रान्सेली नारीवादी समालोचना आदि जस्ता नारीवादी समालोचनाका धाराहरू देखिए । यिनै समालोचनात्मक धाराहरूलाई समष्टिमा नारीवादी समलोचनाका रूपमा उल्लेख गर्ने गरिन्छ । मूलतः फ्रान्स, ब्रिटेन र अमेरिकामा विकसित नारीवादी समालोचनाको विकासको आरम्भ सन् १९६० को दशकपछि नै भएको थियो । भर्जिनिया उल्फ, सिमोन दि बुभाका विचारहरूले यसका निम्ति आधार निर्माण गरेका थिए । केट मिलेट, मिसेल ब्यारेट, एलेन सोबाल्टर, लुइस इरिग्यारी, हेलेन सिक्सु, जुलिया क्रिस्टिभा नारीवादी समालोचनाका आ–आफ्ना धाराका महत्वपूर्ण व्यक्तित्व मानिन्छन् । नारीवादी समालोचना आज महत्वपूर्ण प्राज्ञिक विषयका रूपमा रहेको छ । यसका आफ्ना सीमा रहे पनि साहित्यमा यसको प्रभावलाई सजिलै नियाल्न सकिन्छ । समलैङ्गिकताको अध्ययन पनि आज महत्वपूर्ण बनेको छ । नारी समलैङ्गिक, पुरूष समलैङ्गिक समालोचनाका साथै सन्दिग्धतावादी समालोचना पनि अगाडि आएको छ । प्राज्ञिक वृत्तमा यी पनि अध्ययन र विमर्शका महत्वपूर्ण विषयका रूपमा रहेका छन् ।

नेपाली साहित्यमा पनि नारीवादी साहित्य चिन्तनको प्रभाव परेको छ । नारीवादी आन्दोलनको प्रभावलाई पनि यहाँ नियाल्न सकिन्छ । वर्षौं पहिलदेखि नारीवादी साहित्य चिन्तन विश्वविद्यालयमा अध्ययन अध्यापनको विषय बन्दै आएको छ । सार्वजनिक वृत्तमा पनि यस सम्बन्धमा बहसहरू चल्दै आएका छन् । यसै यथार्थलाई दृष्टिगत गरेर हामीलाई धेरै पहिलेदेखि नारीवाद, नारीवादी आन्दोलन र साहित्य चिन्तनका विषयमा विशेषाङ्क निकाल्न पाए हुन्थ्यो भन्ने लागेको थियो । ढिलै भए पनि हामीले यससम्बन्धी विशेषाङ्क निकालेका छौँ । यो अङ्क गत वर्ष नै निस्कनुपर्थ्यो । हाम्रा केही आन्तरिक कठिनाइ र पछि कोरोनाका कारण सुरू गरिएको लकडाउनका कारण समयमै विशेषाङ्क प्रकाशन गर्ने हाम्रो प्रयास सफल हुन सकेन । यसबाट पाठक र लेखकलाई पर्न गएको मर्काप्रति हामी क्षमाप्रार्थी छौँ । विशेषाङ्क कस्तो रह्यो, पाठकले मूल्याङ्कन गर्ने कुरा हो । सम्बन्धित विषयमा सकेसम्म राम्रा सामग्रीहरू आउन् भन्ने हाम्रो प्रयास रहेको छ । यसले सम्बन्धित विषयमा थप बहस गर्न प्रेरित गऱ्यो भने मात्र पनि हामीले आफ्नो प्रयास सफल भएको ठान्नेछौँ । यस विशेषाङ्कबाट नारीवाद, नारीवादी आन्दोलन र साहित्य चिन्तनका विषयमा सामान्यतया समग्र जनकारी प्राप्त गर्न सकिनेछ भन्ने हामीलाई लागेको छ ।

अ

# विषयसूची

सम्पादकीय

प्रकाशकीय

नारीवाद, नारीवादी आन्दोलन र साहित्य चिन्तन ११

■ अमर गिरी

नारीवादी चिन्तनमा पितृसत्ता ३५

■ अम्बिका अर्याल

समकालीन नेपाली कवितामा नारीवादी चेतना ४२

■ अमृता शर्मा

नारीवादका सबल र दुर्बल पक्ष ६९

■ अर्चना थापा

नारीवाद, उत्तरनारीवाद र सर्वहारा नारीवाद ८६

■ ऋषिराज बराल

*सीमान्त* उपन्यासमा नारीवाद १०५

■ कविता लामा

जनजातिमा सांस्कृतिक नारीवाद ११६

■ कुमारी लामा

नारीवाद र उत्तरआधुनिकतावाद १२६

■ कृष्ण गौतम

नारी स्रष्टाका नाटकका पुरुष पात्रमा नारीवादी चिन्तन १३५

■ कान्छी महर्जन

महाभारतमा नारी १४३

■ गणेशप्रसाद बराल

नारीवादी पर्यावरण १४९

■ गीता त्रिपाठी

समकालीन साहित्य जगत्मा नारीवादको प्रसंग १६२

■ गोविन्दराज भट्टराई

नारीवादी चेतना : सन्दर्भ पारिजातका कथा १८५
■ गोविन्दप्रसाद लुइटेल

मनोविश्लेषणात्मक नारीवाद : सैद्धान्तिक दृष्टि १९९
■ जीवन श्रेष्ठ

नेपाली उपन्यासमा मार्क्सवादी नारीवाद २१२
■ डी.डी. अधिकारी

नारीवादी चिन्तन र आन्दोलनको दार्शनिक एवं राजनीतिक आधार २२५
■ डी. आर. पोखरेल

वैदिक साहित्यमा नारी २३९
■ प्रेम चौलागाईं

नेपाली नारी कविका कवितामा नारीवादी चेतना २६६
■ मधुसूदन गिरी

साहित्यलेखन : नारीवादी लेखकका सन्दर्भमा ३०१
■ मिश्र वैजयन्ती

नारीवाद र मनोविज्ञानमा परस्पर अन्तर्क्रिया ३१२
■ मुरारिप्रसाद रेग्मी

नारीवादी आन्दोलनका जटिलताहरू ३१९
■ यादवप्रसाद शर्मा

चरणगत विकासमा नारीवादी चिन्तन ३३४
■ रजनी ढकाल

नारीवादी आन्दोलनका केही व्यक्तित्व ३४३
■ रामबहादुर कार्की

अनौपचारिक पठन–समीक्षामा नारीविमर्श ३५९
■ रोशन थापा 'नीरव'

उपभोक्तावादी संस्कृति र नारीवाद ३६७
■ विमलकुमार सुवेदी

वैदिक समयका नारीहरू ३८४
■ वीणा पौड्याल

संस्कृति र परम्परामा लैङ्गिक असमानता : नारीवादको पृष्ठभूमि ३८८
■ शान्तिमाया गिरी

उत्तरवर्ती नेपाली आख्यानमा नारीवादी चिन्तन ३९८
■ साधना पन्त 'प्रतीक्षा'

नारी सम्बोधन किन ? नारी असमान होइन : भिन्न व्यक्तित्वमा ४१९
■ प्रा.डा. सावित्री कक्षपती

नारीवाद : महिलाको स्वत्व ४२५
■ सिमन गौतम

लैङ्गिक भाषिका : साहित्यिक सन्दर्भ ४३६

■ सुकुम शर्मा

पूर्वीय र पाश्चात्य  समाजमा नारीवाद ४४६

■ हरि गौतम

समाजवादी विश्वदृष्टिका सन्दर्भमा नारीवाद ४६१

■ हरिप्रसाद सिलवाल

नारीवादी विश्लेषणमा *बसाइँ* उपन्यास ४७२

■ हेमबहादुर भण्डारी

नारीवादी समालोचनाका धारा र मान्यताहरू ५०६

■ ज्ञानु अधिकारी